# BEGAP कार्यक्रम मार्गदर्शनहरू

## कार्यक्रमको सिंहावलोकन

भर्मन्ट एजेन्सी अफ कमर्स एण्ड कम्युनिटी डेभलपमेन्टले व्यापारिक आपत्कालीन अन्तर सहायता कार्यक्रम Business Emergency Gap Assistance Program (BEGAP) को सिर्जना गरेको घोषणा गर्न पाउँदा खुसी छ। यो $20 मिलियनको अनुदान कार्यक्रम जुलाई 7, 2023 को बाढीबाट भौतिक क्षति भोगेका व्यवसाय र गैरनाफामुखी संस्थाहरूको लागि हो। यो कार्यक्रमले कसैलाई पूर्ण बनाउने अपेक्षा गरिएको छैन तर संस्थाहरूलाई पुनः खोल्न र उनीहरूका कर्मचारीहरूलाई सकेसम्म चाँडो काममा फर्काउन मद्दत गर्नका लागि तत्काल राहत प्रदान गर्न डिजाइन गरिएको हो। सबै रकम खर्च नभएसम्म आवेदनहरू रोलिङ आधारमा स्वीकृत हुनेछन्।

***तपाईं एक अंग्रेजी नबोल्ने व्यक्ति हुनुहुन्छ र तपाईंलाई अनुवाद सहयोग चाहिन्छ भने कृपया राज्यले सम्झौता गरेको अनुवाद र व्याख्या सेवाहरूसँग जोडिन, कृपया ACCD कर्मचारी (ACCD.BizFloodGrant@Vermont.Gov) लाई सम्पर्क गर्नुहोस्।***

## **आवेदकको योग्यता:** जुलाई 7, 2023 बाट सुरू भएको बाढीको घटनाको समयमा भौतिक क्षति बेहोरेका व्यवसायहरू र गैरनाफामुखी संस्थाहरू।

**योग्य हुनको लागि, कुनै पनि आवेदक निम्न मापदण्डहरू पूरा गर्ने व्यवसाय वा गैरनाफामुखी हुनुपर्छ:**

- जुलाई 2023 को बाढीभन्दा अगाडि स्थापना भएको
- भौतिक सम्पतिको क्षति भर्मन्टमा भएको हुनुपर्छ
- व्यापार सञ्चालनका लागि स्थान र/वा व्यापारको सम्पतिमा जुलाई 2023 को बाढीले भौतिक क्षति गरेको हुनुपर्छ।
- BEGAP अनुदानको उद्देश्यका लागि, भौतिक क्षतिहरू अन्तर्गत घर जग्गा, लिजहोल सुधार, इन्भेन्टरी, फर्निचर, मेसिनरी र उपकरणहरू पर्दछन्।
- सोही स्थानमा वा भर्मन्टमै अन्य कुनै स्थानमा पुनः खोल्न चाहन्छ र सोही उद्देश्यको लागि अनुदान कोष प्रयोग गर्नेछ।

**निम्न संस्थाहरू अयोग्य छन्:**

- नगरपालिकाहरू
- आर्थिक क्षति मात्र बेहोरेका व्यवसाय वा गैरनाफामुखी संस्थाहरू (आम्दानीमा नोक्सानी)

## अवार्डको हिसाब

BEGAP ले आवेदकहरूलाई तिनीहरूको **कुल नसमेटिएको** क्षतिको एक भाग फिर्ता गर्न मद्दत गर्नेछ। कुल नसमेटिएको क्षति भनेको बीमा, अतिरिक्त अनुदान र चन्दा घटाइएपछिको क्षति हो।

कुल नसमेटिएको क्षतिमा $1,000,000 भन्दा कम रकम भएका आवेदकहरूका लागिः

- कुल नसमेटिएको क्षतिको 20% भन्दा कम वा $20,000

कुल नसमेटिएको क्षतिमा $1,000,000 भन्दा बढि रकम भएका आवेदकहरूका लागिः

- अवार्ड रकम कुल नसमेटिएको क्षतिको 20% भन्दा कममा हिसाब गरिन्छ वा
- आवेदकले 1 र 10 जनाको बीचको संख्यामा मानिसलाई FTE* दिएको छ भने $100,000
- आवेदकले 11 र 50 जनाको बीचको संख्यामा मानिसलाई FTE दिएको छ भने $250,000
- आवेदकले 50 जनाभन्दा धेरै मानिसलाई FTE दिएको छ भने $500,000

कुनै पनि आवेदकले तीन फरक सम्पत्तिहरूको लागि तीनवटा आवेदनहरू पेश गर्न सक्छ।

$1,000,000 भन्दा बढी क्षति भएको दाबी गरी एकभन्दा बढि सम्पत्तिको लागि आवेदन पेश गर्ने आवेदकहरू एउटा आवेदनको लागि परिष्कृत पुरस्कार ($20,000 भन्दा बढी) को लागि मात्र योग्य छन्।

*FTE भनेको बाढी आउनुअघि भर्मन्टमा आधारित पूर्णकालीन (फुल टाइम) कर्मचारीहरूको संख्या हो।

## आवेदकको जानकारी

आवेदनले सबै आवेदकलाई निम्न जानकारी उपलब्ध गराउन भन्नेछ। आवेदनहरू यी जानकारी उपलब्ध गराउन तयारी गर्नुपर्छः

- सम्पर्क जानकारी
- क्षति पुगेको सम्पत्ति र मालिकको विवरण
- संघीय रोजगारदाता कर पहिचान नम्बर (FEIN)
- बीमा नीतिको जानकारी
- बीमामार्फत क्षतिपूर्ति हुने अनुमान गरिएको डलर रकम
- तपाईंको व्यवसायलाई पुनर्स्थापना वा पुनः खोल्नका लागि लागु भएका वा प्राप्त भएका अन्य अनुदानहरू वा दानहरू
- आवेदकमा बाढीको प्रभावको विवरण
- क्षतिको प्रकार र मर्मत/प्रतिस्थापनको लागि अनुमानित लागत
- आर्थिक क्षतिको अनुमान र विवरण (अपेक्षित वा वास्तविक आम्दानीको नोक्सानी)

## चाहिने कागजातहरूः

- सबैभन्दा पछिल्लो संघीय कर फिर्ता (वा 990)
- यदि व्यवसाय 2023 मा शुरू भएको भएमा नाफा नोक्सानको विवरण
- अद्यावधिक आइआरएस फारम W-9
- दावी गरिएको क्षतिको लागि समर्थन गर्ने कागजातहरू (बीमा समायोजन रिपोर्ट, विक्रेताको अनुमान)
- भौतिक संरचना, उपकरण, इन्भेन्टरी, आपूर्ति खरिद वा वास्तविक भुक्तानी खर्चहरूको लागि मर्मत अनुमान
- क्षति पुगेको सम्पत्तिको फोटोहरू (अधिकतम 5)
- सम्पत्तिको अपनत्वको प्रमाण (लागु हुने भएमा)

## विचार गर्नुपर्ने थप कुराहरू

- अपूर्ण आवेदनहरू परिमार्जनको लागि आवेदकहरूलाई फिर्ता गरिनेछ र यसले गर्दा प्रक्रियामा थप समय लाग्नेछ।